मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रक्तदाता समाजका २८ जनाले गरे रक्तदान



हेटौंडा, २६ फागुन/नेपाल स्वयम्सेवी रक्तदाता समाज मकवानपुर शाखाले शनिबार बिहान हेटौंडामा आयोजना गरेको रक्तदान कार्यक्रममा २८ जनाले रगत दिएका छन् ।

रक्तदाता समाजको शाखा स्थापना भएपछि पहिलो कार्यक्रमको रुपमा रक्तदान गरिएको हो । बुद्धचोकमा भएको रक्तदानमा ६ जना महिला सहित २८ जनाले रगत दिएको समाजका शाखा अध्यक्ष पूर्णप्रसाद अर्यालले जानकारी दिएका छन् । हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यमा रक्तदान भएको हो ।

# बागमतीको मुख्यमन्त्रीमा अड्किए दल, नयाँ सरकार कहिले ?

साझाकुरा संवाददाता



हेटौंडा, २६ फागुन/ संघीय सरकारमा सत्ता फेरबदलसँगै नयाँ मन्त्रिपरिषद् गठन अन्तिम चरणमा रहँदा बागमतीमा दलहरु भने केन्द्रको निर्णय पखाइमा छन् ।

बागमती सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र र गठबन्धनको ठूलो दल नेकपा एमालेबीच सरकार गठनको विषयलाई लिएर औपचारिक रुपमा छलफल नै अगाडि नबढेको नेताहरुले बताएका छन् । मुख्यमन्त्रीको भागबण्डा नटुंगिएकाले तत्काल सरकारबारे गृहकार्य अगाडि नबढेको एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया बताउँछन् ।

थपलियाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएपछि मात्रै प्रदेश सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताए । 'केन्द्रबाटै कुनै निर्णय आउनुपर्छ । मुख्यमन्त्रीकै भागबण्डा भइसकेको छैन । उताबाट टुंगिएपछि प्रदेशमा गृहकार्य गर्छौं,' उनले भने, 'प्रधानमन्त्रीको विश्वासको मतपछि सरकार गठनमा तीव्रता दिन्छौं ।', प्रचण्डले ३० फागुनमा विश्वासको मत लिने तयारी गरेका छन् ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पनि बागमतीमा कसको नेतृत्वमा सरकार बन्ने टुंगो लागिनसकेको यसअघि नै बताएका छन् । गत बुधवार नेपाली कांग्रेसका ६ मन्त्रीहरुका राजीनामा बुझ्ने क्रममा उनले मुख्यमन्त्रीकै टुंगो नलागेकाले तत्काल सरकारबारे प्रक्रिया अगाडि नबढेको बताएका हुन् । मुख्यमन्त्रीमा नेकपा (एकीकृत समाजवादी)ले पनि दाबी गरेको छ । अन्य प्रदेशमा एकीकृत समाजवादीको सरकार नरहेकाले बागमतीमा ७ जना सांसद रहेको एकीकृत समाजवादीले मुख्यमन्त्रीमा दाबी गरिरहेको चर्चा छ ।

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले तत्काल सरकारका सम्बन्धमा कुनै छलफल अगाडि नबढेको बताए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएपछि मात्रै प्रदेश सरकार गठनको प्रक्रिया अगाडि बढ्ने उनले बताए । प्रदेशको ठूलो दल नेपाली कांग्रेस सरकारबाट बाहिरिएसँगै जम्कट्टेल अल्पमतमा छन् ।

२५ पुसमा माओवादी केन्द्रको नेतृत्वमा एमाले र राप्रपाबीचको सरकार ५८ दिनमै ढलेपछि मुख्यमन्त्री जम्कट्टेलले सत्तासमीकरण फेरिएसँगै २६ चैत २०७९ मा कांग्रेसलाई सरकारमा सहभागी गराएका थिए । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् ।

बागमतीमा एमाले र माओवादीले मात्र सरकार बनाउन सक्ने छैनन् । दुई पार्टीको कुल सांसद संख्या ४८ छन्, प्रदेशसभामा बहुमत पुऱ्याउन उनीहरुलाई थप ८ जनाको समर्थन चाहिन्छ । एकीकृत समाजवादी सरकारमा गएकाले ७ सांसद थपिएका छन् । अब सरकार बनाउन हाम्रो नेपाली पार्टीलाई ल्याउनुपर्छ । कांग्रेस प्रतिपक्षमा रहनु, राप्रपा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सरकारमा सहभागी नहुने भएकाले हाम्रो नेपाली पार्टी (हानेपा)लाई ल्याउनुको अर्को विकल्प एमाले-माओवादी गठबन्धनसँग छैन । हानेपाले यसअघिको सरकारलाई समर्थन गरेको थियो ।

प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको गठबन्धन टुटाएर नयाँ सत्तासमीकरण बनाएसँगै बागमतीमा कांग्रेसका ६ जना मन्त्रीले बुधवार मात्रै राजीनामा दिएका थिए । मुख्यमन्त्री जम्कट्टेललाई भेटेर आर्थिक मामिलामन्त्री बहादुरसिंह लामा, खानेपानी तथा सिँचाइ मन्त्री तीर्थबहादुर लामा, वन तथा वातावरण मन्त्री मसिना खड्का, संस्कृति पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन, स्वास्थ्य मन्त्री उत्तम जोशी र उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले राजीनामा दिएका हुन् ।

# बानेश्वरले जित्यो राष्ट्रिय हेटौंडा भेट्रान्सको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडा भेट्रान्स क्लबको आयोजनामा भएको नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप ८ ए साइड रनिङशील्ड फुटबलको उपाधि बानेश्वर फ्रेन्डसीप भेट्रान्स क्लबले जितेको छ ।

शनिबार हेटौंडा-५ क्याम्पा रंगशालामा भएको फाइनल खेलमा बानेश्वरले किङकम भेट्रान्स क्लब काठमाडौंलाई १-० गोलअन्तरले पराजित गर्दै उपाधि हात पारेको हो । खेलको पहिलो हाफमा बानेश्वरका हरिहर थापाले गोल गरे । थापाले खेलको १३ औं मिनेटमा गरेको गोल नै निर्णयक बन्न पुग्यो । खेलमा उपाधिसहित बानेश्वरले एक लाख ११ हजार १ सय ११ रुपैयाँ तथा रनिङशील्ड पाएको छ । उपविजेता किङकमले ५५ हजार ५ सय ५५ रुपैयाँ सहित शील्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।



फाइनल खेलको म्यनअफ द म्याच गोलकर्ता थापा घोषित भएका छन् । उनलाई प्रतियोगिताको उत्कृष्ट फरवार्ड उपाधिसँगै नगद ५ हजार रुपैयाँ र शील्ड प्रदान गरिएको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी किङकमका जगतमान लामा घोषित भइ नगद १० हजार रुपैयाँ र शील्ड पाएका छन् । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक बानेश्वरका प्रदीप तण्डुकार, उत्कृष्ट डिफेन्स महेन्द्र विश्वास खवास, उत्कृष्ट कोच आर्दश मल्ल घोषित भए । उत्कृष्ट मिडफिल्डर किङकमका विपिन शाह बने । विधागततर्फबाट उत्कृष्ट खेलाडीलाई जनही नगद ५ हजार रुपैयाँसहित शील्ड प्रदान गरिएको थियो ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले पुरस्कार वितरण गरेकी थिइन् । उपमहानगरपालिकाले खेलकुद क्षेत्रको विकास र खेलाडी उत्पादनका लागि फुटबल एकेडेमी स्पापना गर्न प्रक्रिया अघि बढाएको उनले बताइन् । स्वस्थ्यका लागि खेलिने भेट्रान्स प्रतियोगितामा उपमहनगरपालिकाले विषेशरुपमा सहयोग गर्दै आएको उनको दाबी थियो । गत फागुन २२ गतेदेखि संचालन भएको प्रतियोगितामा देशभरका १९ टिमको सहभागिता थियो । ४५ वर्ष उमेर समुहभन्दा माथिका खेलाडी सम्मिलित टिममा ५० वर्ष उमेरका २ जना खेलाडी अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको थियो ।

क्लबका कार्यवाहक अध्यक्ष नवराज बज्राचार्यको अध्यक्षतामा सम्पन्न प्रतियोगिताको फाइनल खेलमा हेटौंडा उपमहानगर प्रमुख लामा सहित प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, हेटौंडा-५ का अध्यक्ष सुशील घिमिरे, हेटौंडा-६ का अध्यक्ष विष्णुबहादुर दाहाल, हेटौंडा-७ का अध्यक्ष दामोदर गौतम, हेटौंडा-८ का अध्यक्ष राम थापा, हेटौंडा-९ का अध्यक्ष शुकराम केसी, जिल्ला खेलकुल विकास समिति मकवानपुरका अध्यक्ष वेष खड्गी, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीका लामालगायत उपस्थित थिए ।

# ३३ श्रमिक महिलालाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडा उपमहानगरपालिकाले श्रमजीवि महिला सम्मान, खुला हाजिरिजवाफ प्रतियोगिता तथा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ । १ सय १४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिकाले ५ वटा क्षेत्रका ३३ श्रमिक महिलालाई सम्मान गरेको हो ।

संघर्षरत् जीविकोपार्जनमा संलग्न रहेको भन्दै उपमहानगरले १९ वडाका एक-एक जना महिलालाई सम्मान गरेको छ । वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा व्यवसायमा संलग्न भई प्रेरणादयी भूमिका निर्वाह गरेको भन्दै स्थापित उद्यमी पार्वती राई, पुतलीमाया गोले, कमला थिङ र रिमनी लामालाई सम्मान गरेको छ । त्यस्तै, निर्माण तथा उद्योगमा आधारित जोखिमपूर्ण क्षेत्रमा आवद्ध ६ जना महिलालाई सम्मानित गरिएको छ । सम्मानित हुनेमा सावित्री राई, सुनिता कार्की, पूजा कुमाल, सुष्मा श्रेष्ठ, शुशिला ब्लोन र अनिता लामिछाने रहेका छन् ।

क्रमशः पृष्ठ-४...

# मैनाटार टोविस अध्यक्षमा गोले

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ मैनाटारस्थित मैनाटार टोल विकास संस्थाको अध्यक्ष पदमा पूर्णबहादुर गोले सर्वसम्मतरुपमा चयन भएका छन् ।

संस्थाको शनिबार मैनाटार सामुदायिक भवनमा भएको तेस्रो साधारणसभाले गोलेको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । नवनिर्वाचित समितिमा उपाध्यक्ष लोकबहादुर घिसिङ, सचिव रचना श्रेष्ठ, कोषाध्यक्ष सूर्य घलान, सहसचिव सानुकान्छा ब्लोन र सदस्यहरुमा जुगतबहादुर थोकर, राजकुमार देवकोटा, कल्पना बल, बुद्ध गोले, तारा बुढाथोकी र सुनिता पराजुली चयन भएका छन् ।

यसअघि साधारणसभा उद्घाटन गर्दै वडा अध्यक्ष सविन न्यौपानेले ग्रामीण क्षेत्रमा करेसाबारी समेत बाँझो राखेर रोजगारीको खोजीमा शहर छिर्ने परिपाटी बढेकोमा चिन्ता व्यक्त गरेका छन् ।



'घरको करेसाबारी बाँझो राख्ने अनि रोजगारीको खोजीमा शहर भौंतारिएर आर्थिक उपार्जन गर्न सकिँदैन', अध्यक्ष न्यौपानेले आफ्नो खेतबारीमा समयअनुसार अन्नबाली र तरकारी खेती गरेर थप आयआर्जनको लागि मात्र रोजगारीको खोजीमा हिँड्नुपर्नेमा जोड दिए ।

उनले सीपमूलक तालिम लिएर पनि व्यवहारमा नउतार्दा सरकारको लगानी 'बालुवामा पानी' झैं भएको भन्दै अध्यक्ष न्यौपानेले आफूलाई रुची रहेको विषयमा मात्र तालिम लिन अनुरोध गरे ।

संस्थाका अध्यक्ष रामप्रसाद तिमल्सिनाको सभाध्यक्षता रहेको कार्यक्रममा वडा सदस्य रामकृष्ण अधिकारी, टोल विकास वडा समन्वय समितिका अध्यक्ष रुपा ढुंगानाले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा लालझाडी सावउस अध्यक्ष रुद्र तितुङ, बाराही आधारभूत विद्यालयका अध्यक्ष उत्तमकुमार तामाङलगायतको सहभागिता थियो ।

# हेटौंडामा 'हाम्रो कौसी र करेसाबारी क्रान्ति' अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडामा हाम्रो कौसी र करेसाबारी क्रान्ति अभियान सुरु भएको छ । देशभरका सबै जिल्लामा सञ्चालन भइरहेको अभियान हेटौंडामा पनि सुरु भएको हो ।

शनिवार हेटौंडामा तरकारी तथा फलफूल वितरण गर्दै अभियानको सुरुवात भएका हो । बोडी, सिमी, लौका, काँक्रो, घिरौंला, फर्सी, डल्लेखुर्सानी, साग, ड्रागन फुड्सलगायत १५ वटा भन्दा धेरै वीउबिजन वितरण गरिएको थियो । वितरण गरिएका सबै वीउविजन अभियानमै रहेर कौसीमा खेती गर्ने विभिन्न जिल्लाबाट उपलब्ध गराएको अभियानकर्ता अन्जिता श्रेष्ठले बताइन् ।

पारिको हैन, आफ्नै बारीको खाउँ भन्ने उद्धेश्यले यो अभियान सञ्चालन गरिएको अभियानका संयोजक अरुणा सिंहले बताइन् । सबै सहर केन्द्रित रहेको र खेतवारी नभएकाहरुका लागि छतमै तरकारी खेती गरेर खान सकिन्छ भनेर बीउ विरतण गरिएको उनले बताइन् । उनका अनुसार अभियानमा जुटेका सम्पूर्ण अभियानकर्तालाई बीउ वितरणसँगै खेती गर्न र मल बनाउनसमेत तालिम दिनेछन् ।

खुल्यो ! खुल्यो ! खुल्यो !

बाजेको सेकुवा कर्नर

हेटौंडा-१०, साप्ती पुलसँगै जोडेको बाँया पट्टी

हाम्रा विशेषताहरू:

- सेकुवा
- लोकल खसीको मासु
- लोकल माछा
- लोकल कुखुराको मासु
- खाना, ढिडो आदि पाइन्छ ।

होम डेलिभरीको पनि व्यवस्था रहेको छ ।

खुल्ने समय :
(विहान ८:०० बजे देखि राती १०:०० बजेसम्म)

प्रो. दुर्गा प्रसाद भण्डारी

सम्पर्क नं.: ९८४३६११५५५

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# काम गर्ने समयमा सरकार परिवर्तन

असारे विकासको मोडलबाट आजित भएका जनताले जुनसुकै व्यवस्था ल्याएपनि सुधार नभएपछि निराश बन्नु बाहेक कुनै उपलब्धी हुन सकेको छैन । धमाधम काम गर्नुपर्ने समयमा सरकार परिवर्तनको खेलले फेरि संकट निम्त्याएको छ । असार लागेपछि सडक कालोपत्रे गर्ने परम्परा पुन कायमै हुने भएको छ । असारमा बजेट पारित भएपछि साउन र भौदौसम्म वर्षातले काम हुँदैन । असोज कात्तिक दसैं, तिहार, नेपाल सम्बत, छठ, ठूलो एकादशी जस्ता पर्वले काम गर्न दिँदैन । मंसिर पुसमा बल्ल छलफल सुरु गरी बोलपत्र, सूचना आब्हान गर्ने निर्णय गरिन्छ । माघ लागेपछि बोलपत्र सूचना प्रकाशन गरिन्छ । सूचना प्रकाशन भएपछि ३५ दिनको म्याद गुजार्न परिहाल्छ । चैतमा सम्झौता गर्ने काम हुन्छ । अनि बैशाखमा नयाँवर्ष मनाउने, जेठमा गर्मीले काम गर्न सकिन्न ।

असार लागेपछि हतारहतार काम गर्ने परम्परा नै भइसकेको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा करिब १७ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ । आर्थिक वर्षको पहिलो ६ महिनामा केवल १७ प्रतिशत बजेट खर्च गर्न पुससम्म बजेट खर्च निराशाजनक अवस्थामा रहेको बागमती प्रदेशमा पुन:असारे विकासको पुनरावृति देखिएको छ । असारे विकासको अन्त्य गर्ने प्रतिबद्धता जनाएको सरकारले व्यवहारमा उतार्न भने सकेको छैन । प्रदेश सरकारले चालू आवको साउनदेखि पुस मसान्तसम्म १७ प्रतिशतभन्दा कम बजेट खर्च गरेको हो । ६ महिनामा १६ दशमलव ९८ प्रतिशत अर्थात् १० अर्ब ६४ करोड ८० लाख एक हजार ४ सय ४४ रुपैयाँ मात्र बजेट खर्च गर्न सकेको हो । प्रदेशले चालु आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट ल्याएको थियो । चालु आवका लागि चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको चालु आवको अर्धवार्षिक वित्तीयप्रगति बिवरणअनुसार विनियोजित बजेटमा ६ महिनाको अवधिमा चालुको तुलनामा पुँजीगततर्फको शीर्षकको बजेट कम खर्च भएको तथ्यांक छ । चालुतर्फ विनियोजित बजेटमा २२ दशमलव ६७ प्रतिशत अर्थात् पाँच अर्ब ९९ करोड ६३ लाख ८९ हजार ३ सय ३२ रुपैयाँ र पुँजीगततर्फ १३ प्रतिशत अर्थात् चार अर्ब ६४ करोड ८५ लाख ८० हजार १ सय ७० रुपैयाँ गत पुस मसान्तसम्ममा खर्च भएको छ । प्रतिशतका आधारमा हालसम्म बढी प्रतिशत बजेट खर्च गर्नेमा प्रदेश व्यवस्थापिका, मुख्य न्यायाधीवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोग, स्वास्थ्य मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग छन् । यी मन्त्रालय र कार्यालयमा अन्य मन्त्रालयको तुलनामा बजेट पनि थोरै बिनियोजन गरिएको थियो ।

अर्धवार्षिक वित्तीयप्रगतिविवरण अनुसार यी मन्त्रालय, आयोग र कार्यालयले २० प्रतिशतभन्दा बढी र २७ प्रतिशतभन्दा कम खर्च गरेका छन् । बागमती प्रदेशमा सबैभन्दा बढी विकास बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि विनियोजित चालुतर्फको बजेटको ३० दशमलव ६८ प्रतिशत अर्थात् १२ करोड ५० लाख ७१ हजार ७ सय ७५ रुपैयाँ खर्च भएको छ । स्थानीय तहका लागि विनियोजन गरिएको सात अर्ब ६५ करोड ४६ लाख ९६ हजार रुपैयाँमा हालसम्ममा ४० दशमलव २७ प्रतिशत बराबरको रकम निकासा भइसकेको छ । जुनसुकै व्यवस्था आएपनि अवस्था उही भएपछि जनमानसमा निराशा छाएको हो । कानूनको समस्या भए त्यसलाई सुधार गरी समयमै काम सम्पन्न गर्ने ब्यवस्था गर्नु जरुरी छ । बैशाखसम्ममा सम्पूर्ण काम सम्पन्न गरी जेठमा अनुगमन गर्ने र असारमा भुक्तानी दिने ब्यवस्था गरियो भने सहज हुने थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २८ गते सोमबार ११ मार्च २०२४ । प्रतिपदा, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:२०, सूर्यास्त ६:१० । ग्याल्पो ल्होसार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आम्दानी घट्नेछ | **तुला** | : व्यावसायिक काम बन्नेछ |
| **वृष** | : मित्रताले हर्ष बढ्नेछ | **वृश्चिक** | : सहयोगीले असहयोग गर्नेछन् |
| **मिथुन** | : कामको तारिफ हुनेछ | **धनु** | : पढाइमा प्रगति हुनेछ |
| **कर्कट** | : अरुको मन लोभ्याउन सकिनेछ | **मकर** | : समस्या दोहोरिन सक्नेछ |
| **सिंह** | : दाम कमाउने बेला छ | **कुम्भ** | : घरेलु काममै अलमल हुनेछ |
| **कन्या** | : प्रयत्न निरर्थक हुनेछ | **मीन** | : भूमिबाट लाभ लिने समय छ |

# फेरियो परिवेश, फेरिएन लैंगिक विभेद



✍ चण्डिका तिमल्सिना

मार्च ८ लाई संसारभरि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाइन्छ । विश्व महिला आन्दोलनले हालसम्म प्राप्त गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै लैङ्गिक समानता र समतामूलक समाज निर्माणको लक्ष्य हासिल गर्न यो दिवसले हामी सबैलाई झक्झक्याउँछ । नारी मुक्ति आन्दोलनकी प्रणेता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदार माथि हुने श्रमशोषणका विरुद्ध आवाज उठाएको दिनको स्मरणमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालिएको हो । यसै सन्दर्भमा नेपालमा महिला आन्दोलनको इतिहासका उपलब्धि र नयाँ चुनौतीबारे चर्चा गर्नु वाञ्छनीय हुन्छ ।

### नेपालमा महिला आन्दोलनको सुरुवात

महिला आन्दोलनको सुरुवातको कुरा गर्दै गर्दा बिर्सनै नहुने नाम हो योगमाया न्यौपाने । १९२४ सालमा भोजपुरमा जन्मिनुभएकी योगमाया न्यौपाने आफैं बालविवाह जस्तो कुरीतिको सिकार पनि हुनुभएको थियो । योगमायाले त्यतिखेरको समाजमा विद्यमान सती प्रथा, बालविवाह, अनमेल विवाह, जातीय विभेद, दास प्रथा जस्ता कुरीति र अन्यायको विरुद्ध आवाज उठाउनुभयो । जहानियाँ राणाशासनमा सामाजिक न्यायको निमित्त आवाज उठाउन त्यति सजिलो थिएन । तर, उहाँले आवाज उठाइरहनुभयो र तत्कालीन सरकारले सती प्रथालाई रोक लगाए पनि बालविवाह, छुवाछूत प्रथा चलिरहेको थियो ।

योगमायाले सती प्रथाको विरोध मात्र हैन, विधवाले पुनर्विवाह गर्न पाउनुपर्छ, महिलाले वेद पढ्न पाउनुपर्छ, बालविवाह अन्त्य हुनुपर्छ जस्ता माग राखेर तत्कालीन सरकारलाई खबरदारी गरिरहनुभयो । योगमायाले चालेको सामाजिक न्यायको आन्दोलनमा सरकारले ठोस कदम नचालेपछि तत्कालीन सरकारलाई चुनौती दिँदै १९९८ साल असार २२ गरे हरिशयनी एकादशीका दिन आफ्ना ६६ जना अनुयायी सहित जल समाधि लिनुभयो । तत्कालीन सरकारले योगमाया सहितको सामाजिक न्यायको आन्दोलनलाई कमजोर ठाने पनि योगमायाकै नेतृत्वबाट नेपाली समाजमा सामाजिक न्यायको आन्दोलनको बीजारोपण भयो र योगमायाले सुरुवात गर्नुभएको सामाजिक न्यायको आन्दोलन आज पनि जारी छ ।

त्यसैगरी समान कामको समान ज्याला र बराबर अधिकार जस्ता माग राखी २००३ सालमा विराटनगरका महिला मजदुरले गरेको आन्दोलन महत्वपूर्ण आन्दोलन थियो । त्यसपश्चात् २००४ सालमा मङ्गलादेवी, सहाना प्रधान लगायत महिलाहरुले नेपाल महिला सै स्थापना गरेर त्यस मार्फत राणाशासन, बालविवाह, बहुविवाह जस्ता विभेद र असमानताको विरुद्ध लडिरहे । महिला आन्दोलनकै फलस्वरूप २००४ सालको वैधानिक कानुनले महिलालाई निर्वाचनमा मतदान गर्न र उम्मेदवारी दिन पाउने अधिकार प्रदान गऱ्यो । त्यसपश्चात् पनि नेपालमा विभिन्न समयमा भएका राजनीतिक र सामाजिक न्यायको आन्दोलनमा महिलाको भूमिका अग्रणी स्थानमा रह्यो ।

सदियौंदेखि महिलामाथि हुँदै आएको विभेद र अत्याचार विरुद्ध अघिल्लो पुस्ताले जुन हिम्मतका साथ लड्यो त्यो निकै गौरवको विषय हो । तर सामाजिक न्यायको आन्दोलन त्यतिमै सकिएको छैन । आज परिवेश भिन्न छ, हिंसाका स्वरूप बदलिएका छन् तर हिंसा र विभेद अझै पनि पूर्ण रूपमा निर्मूल भएको छैन र यसको लागि आजको पुस्ताले अझ धेरै लड्न बाँकी नै छ ।

### उस्तै छ महिलामाथिको हिंसा चक्र

महिला आन्दोलनको परिणामस्वरूप आजको समाजमा महिलाको अवस्थामा सकारात्मक परिवर्तन पनि आएको छ । विभिन्न आन्दोलन र अभियानले धेरै अधिकारहरू स्थापित पनि भएका छन् । तर, हिंसाको अन्त्य भएको छैन । हिंसाले स्वरूप फेरेको छ । हिजोको समाजमा महिलामाथिको हिंसा बाहिर आउनै दिइँदैनथ्यो । परिवार, समाज र इज्जतको डरले पीडितहरू मुद्दा बोकेर प्रहरीसम्म पुग्न डराउँथे । तर, आज त्यो अवस्था छैन बलात्कार, यौनजन्य हिंसा, घरेलु हिंसा विरुद्ध अहिले खुल्ला रूपमा बहस हुन्छ र यी मुद्दामा राज्य थोरै गम्भीर पनि भएको देखिन्छ । कडा कानुन पनि बनेका छन् तर कानुनी प्रक्रिया र न्यायको उपचार जटिल र लामो हुने अनि पीडक बलियो र सार्वजनिक पद धारण गरेको व्यक्ति भएको अवस्थामा पीडितले न्याय पाउन हम्मे-हम्मे परेको देखिन्छ ।

पीडितलाई नै अपराधीकरण गर्ने र पीडितको इज्जत माथि नै प्रश्न उठाउने कार्यले गर्दा न्याय त्यति सजिलै मिलेको देखिंदैन । दक्षिणएशियाकै चर्चित महिला अधिकारकर्मी तथा लेखक कमला भसिनले भन्नुभएको थियो- पितृसत्ताले महिलाको इज्जत उसको योनिमा हुन्छ भनेर परिभाषित गरिदिएको छ जुन गलत हो । जस्तै कुनै महिला माथि यौनजन्य हिंसा भयो भने यो समाजले महिलाको इज्जत गएको मान्छ, बलात्कारीको इज्जत गएको मान्दैन । खासमा इज्जत जानुपर्ने त अपराधीको हो तर किन पीडितको इज्जत माथि प्रश्न उठाइन्छ? किन बलात्कारीको इज्जत जाँदैन? अनि परिवारको इज्जतका खातिर अपराधका घटना प्रहरीसमक्ष पुग्न नसकेका र पुगेका घटनालाई पनि पीडितलाई दबाब दिएर घटना सामसुम पार्न मिलाउन खोजेका समाचार पनि आइरहेका हुन्छन् । यो विषयमा हाम्रो समाज सिरियस छैन । इज्जतको ठेक्का कहिलेसम्म महिलाले आफ्नो काँधमा बोकिदिनुपर्ने हो ?

यो लेख लेख्दै गर्दा चितवनको एक स्कुलले चलाएको छात्रावासमा बस्ने १४ वर्षीया बालिकाको दु:खद् घटना बाहिरिएको छ । मृतक बालिकाले न्याय पाउनेछिन् भन्ने आशा छ । तर हरेक घटनामा हामी ढुक्कले न्याय पाइन्छ भन्नेमा विश्वस्त हुँदैनौं । छोरीहरू कहाँ सुरक्षित छन् भनेर म आफैंसँग प्रश्न गरिरहेकी छु । आमाको पाठेघरदेखि परिवारसम्म, विद्यालय, कार्यस्थलदेखि सार्वजनिक स्थलसम्म कहीं पनि छोरी सुरक्षित छैनन् । र यो असुरक्षाको मूल कारण हाम्रै समाज हो ।

ढोंगी र दोगलापनको चरम सीमा पार गरेको यो समाजले बलात्कार हुनु भनेको घिसारेर लछारपछार पारेर जबरजस्ती गरेर हत्या गर्नु हो भन्ने बुझ्छ । यदि कोही बलात्कार पीडित जीवित छन् र उनीहरू आफ्नो न्यायको निमित्त आवाज उठाइरहेका छन् भने उनीहरूलाई अनेक लाञ्छना लगाएर बाँच्न गाह्रो पारिन्छ यो समाजमा । अझ पीडक पपुलर छ, सार्वजनिक पद धारण गरेको व्यक्ति छ भने त यो समाजले पीडकलाई फूलमालाले स्वागत गर्छ र पीडितलाई मर्न विवश गराउँछ । यो समाजको दोगलापन विरुद्ध कहिलेकाहीं धेरै आक्रोशले मन पिरोलिन्छ । योनी सहितको शरीर हुनु नै असुरक्षाको कारण हो भन्ने पनि लाग्छ तर होइन । महिलामाथिको जति पनि हिंसा छन् ती सबै हिंसाको एउटै कारण पितृसत्तात्मक नजर सहितको हिंसात्मक चेतना नै हो ।

यो समाजमा अझ अर्को एउटा के गलत भ्रम छ भने रातमा घरबाहिर निस्केकाले हिंसा हुन्छ । कतिपय मानिस महिलाले छोटो लुगा लगाउनुलाई बलात्कारको कारण मान्छ । यी सबै बहाना बलात्कारको मानसिकतालाई मलजल गर्ने प्रयास मात्रै हुन् । यहाँ नाबालकमाथि बलात्कार भएको छ अनि छोटा कपडाको लजिक कसरी म्याच गर्छ ? घरभित्रै परिवार र आफन्तबाट बलात्कृत भएका छन् अनि रातमा घरबाहिर निस्किनुहुन्न भन्ने लजिकले कसरी काम गर्छ ?

अझ एक समयमा बलात्कार विरुद्ध आत्मरक्षाको तालिम जस्ता हलुका विषय पनि चर्चामा आएका थिए । के महिलाहरू आत्मरक्षा गर्न नसकेर मात्र बलात्कृत भएका हुन् र ? ८/९ वर्षका बालिका बलात्कृत भएका छन् ७०/८० वर्षका वृद्ध बलात्कृत भएका छन् अनि उनीहरूलाई कस्तो आत्मरक्षाको तालिम दिने ? आत्मरक्षाको तालिमको लजिक कस्तो हो, पुरुषहरूलाई हिंसा गर्ने छुट छ उनीहरूले जुनसुकै बेला तिमी छोरीहरूमाथि हमला गर्न सक्छन् त्यही भएर तिमी आत्मरक्षाको लागि तयार हुनुपर्छ भन्न खोजिएको हो कि के हो ! जे भएपनि आत्मरक्षाको तालिमले बलात्कार रोक्छ भन्नु भ्रम मात्रै हो ।

### संरचना नै समस्या

महिला हिंसाको प्रमुख कारक भनेको हिंसात्मक सोच सहितको समाज र सामाजिक संरचना हो । जबसम्म लैङ्गिकताको जगमा विभेद कायम रहन्छ तबसम्म हिंसा भइरहन्छ । जबसम्म महिला माथिको हिंसालाई इज्जतसँग जोडेर हेरिन्छ तबसम्म हिंसा विरुद्ध आवाज उठाउन कठिन हुन्छ नै । त्यसैले हिंसालाई कम गर्न पहिले त हामीले आफ्नो सोचाइमा परिवर्तन गर्न जरुरी छ । महिलालाई हेरिने नजरिया परिवर्तन गर्न जरुरी छ । अपराध पीडितलाई कानुनी उपचारमा राज्यद्वारा सहयोग र पीडितलाई समाजमा पुनर्स्थापनाको लागि सामाजिक सहयोगको आवश्यकता हुन्छ । बलात्कार भएमा पीडितको होइन अपराधीको इज्जत जान्छ र जानुपर्छ भनेर बुझ्न जरुरी छ ।

### रोजगारी र उद्यममा महिलाको अवस्था

रोजगारीको विषयमा महिलाहरूको अवस्था सुधारोन्मुख नै छ । अझै पनि सन्तोषजनक अवस्था भने छैन किनकि धेरैजसो रोचक र आकर्षक पेशामा महिलाहरूको स्थान अझै पनि कम छ । महिला सेक्रेटरी राख्न र रिसेप्सनका लागि खोजिन्छन् तर मेनेजिङ डाइरेक्टरमा आउन लागेको महिलामाथि विश्वास गरिहालिंदैन । नर्सिङ पेशामा धेरै महिला छन् तर डाक्टर महिला कमै छन् । नर्सिङ पेशामा मिहिनेत धेरै छ तर पारिश्रमिक कम ।

जनसंख्याको आधारमा पुरुषको तुलनामा महिलाको संख्या बढी भएपनि तुलनात्मक रूपमा उत्कृष्ट पदमा महिलाको संख्या हुनुपर्ने भन्दा कम नै छ । अझ उद्यमशीलतामा त महिलाको पहुँच निकै नै कम छ । उद्यमशीलताको लागि प्रमुख कडी भनेको पूँजी हो जुन निर्माणको लागि स्रोत-साधनको आवश्यकता पर्छ । स्रोत-साधनको कुरा गर्नुपर्दा पुरुषहरूको तुलनामा महिलासँग पूँजी निर्माणको स्रोतहरू कम छन् । कानुनले पैतृक सम्पत्तिमा समान अधिकार भने पनि व्यावहारिक रूपमा यो लागू भएको छैन । अहिले पनि समाजले छोरालाई मात्र पैतृक सम्पत्तिको हकदार मान्छ र विवाहपश्चात् श्रीमानको सम्पत्तिमा महिलाको हक हुने भनिए तापनि महिलाको नाउँमा घरजग्गा हुने कमै छन् ।

आफ्नै नाउँमा घरजग्गा भएका महिलाहरू पनि स्वनिर्णयको अधिकारबाट परै छन् । श्रीमान् वा परिवारको साथ नभएकै कारण उद्यमी बन्ने सपना पूरा नभएका पनि छन् । हुनत देशभरिका उद्योगी व्यवसायी सैको छाता संस्था नेपाल उद्योग वाणिज्य महासैको नेतृत्वमा भर्खरैसम्म भवानी राणा हुनुहुन्थ्यो । उहाँ जस्तै उद्यममा सफल भएका अरू धेरै महिला पनि छन् तर ती सबै औंलामा गन्न सकिने संख्यामा मात्रै छन् । र उद्यमशीलतामा महिलाको आकर्षणलाई वृद्धि गर्नको लागि सहज रूपमा कर्जा सुविधा, अनुदान र सहुलियत जस्ता विषयमा महिलाको हकमा अलि सहज व्यवस्था गरिनुपर्छ जस्तो लाग्छ मलाई ।

### राजनीतिक नेतृत्वमै पुग्नुपर्छ महिला !

राजनीतिमा महिलाको सहभागिता र नेतृत्वको इतिहास हेर्दा अहिलेको समयमा महिला सहभागिता र नेतृत्वको अवस्था सन्तोषजनक होइन । इतिहासमा सँगै राजनीति सुरु गरेका सँगै लडेका महिला र पुरुषमा पुरुषहरू नीतिनिर्माण तहमा छन् तर अझै पनि महिलाको पहुँच कमै छ । कानुनले राजनीतिक दलमा महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गरेको भएतापनि राजनीतिक दलमा महिला सहभागिता संख्या पुऱ्याउने खेलमै सीमित छ । महिलालाई पार्टी प्रमुखको नेतृत्व दिन हिचकिचाउने र 'उप' मै रमाउने प्रवृत्ति दुवै ठिक छैनन् ।

अहिलेको समयमा राजनीतिमा महिला सहभागिता मात्र हैन महिलाको हस्तक्षेपकारी भूमिकाको जरुरी छ । हुनत राजनीतिमा धेरैजसो महिलाले पूर्णकालीन रूपमा समय दिनसकेका छैनन् र समय दिन नसक्नुमा महिलाका विभिन्न कठिनाइ छन् । घरपरिवार, बालबच्चाको जिम्मेवारी लगायत अनेक विषय छन् जसले महिलालाई पुरुषहरूलाई जस्तो सहज वातावरण दिएका छैनन् । तर, पनि अब महिलाको हस्तक्षेपकारी भूमिका जरुरी छ । पछिल्लो समयमा नयाँ राजनीतिक दलमा धेरैजसो सम्भावना बोकेका महिला नेतृहरू आउनुभएको छ, जुन सकारात्मक छ । उहाँहरूलाई नीतिनिर्माण तहमै देख्न पाइन्छ भन्ने आशा पनि गरेकी छु ।

### महिलालाई घरभित्रै नरोकौं

रोजगारी, उद्यमशीलता र राजनीतिमा महिलाको पहुँचलाई रोक्ने निकै धेरै कुराहरू छन् । ती मध्ये एक हो महिलालाई भान्सामै परिवारको हेरचाहमै सीमित गर्न खोज्ने रणनीति । मातृत्व, परिवारको हेरचाह जस्ता विषयमा महिलालाई महान्/देवीको उपमा दिई-दिईकन उनीहरूको ऊर्जाशील समय र श्रमको शोषण गरिएको हुन्छ । मातृत्व आफैंमा गलत कुरा होइन । महिलालाई प्रकृतिले प्रजननको अभिभारा दिएको छ जसको कारण सन्तान जन्माउने दायित्व महिलाकै हो । तर, सन्तान हुर्काउने दायित्व पनि नितान्त महिलाको मात्र कसरी भयो ? अनि मातृत्व र सन्तान हुर्काउने विषयलाई हाम्रो समाजले यति सामान्यीकरण गरेको छ कि यो त कुनै ठूलो कामै होइन । यो त आफै हुने कुरा हो जस्तो गरिन्छ ।

तर समाजले सामान्य भनेको विषय त्यति सजिलो र सामान्य भने होइन । त्यही काम पुरुषले गर्न पऱ्यो भने ओहो कति महान् श्रीमान् ! बच्चाको हेरचाह गर्ने, भान्साको काममा सघाउने, श्रीमतीको ख्याल राख्ने भनेर तारिफ गर्न थालिन्छ । तर महिलाले सदियौंदेखि गर्दै आएको त्यही कामलाई अवमूल्यन गरिएको छ । श्रीमानले आर्थिक जिम्मेवारी आफ्नो काँधमा लिएको समाजले देख्छ तर श्रीमतीले घर व्यवस्थापन गरेको, बच्चा हुर्काएको विषयलाई समाजले देख्दैन । देखेर पनि अवमूल्यन गर्छ र अर्कोतिर घर सँगसँगै जागिर पनि म्यानेज गरिरहेका महिलाका दु:खको त कुरा गरिसाध्य छैन । श्रीमान् सँगसँगै जागिरबाट आएर श्रीमतीहरू बच्चाको हेरचाह र भान्सामा छिर्छन् अनि श्रीमानहरु टिभी, पत्रपत्रिका अथवा आरामतिर लाग्छन् ।

यसरी असमानताको जगमा उभिएको परिवार संस्थालाई समान बनाउन र महिलालाई पुरुष सरह स्वतन्त्रता प्रदान गर्नको लागि आर्थिक जिम्मेवारीमा महिलाहरू अघि सरे जस्तै भान्सा र बच्चा रेखदेखको जिम्मामा पुरुषहरू अघि सर्नुपर्छ । जो घर र बच्चा सम्हालेर बसेका आमा दिदीबहिनी हुनुहुन्छ उहाँहरूको श्रमको र समयको मूल्याङ्कन गरिनुपर्छ । महिलालाई हाउस वाइफ हैन हाउस मेनेजरको रूपमा हेरिनुपर्छ ।

अन्त्यमा, विभिन्न समयमा भएका विभिन्न आन्दोलनले समाजमा महिलाको अवस्थामा निकै सकारात्मक परिवर्तन आएका छन् । धेरै अधिकारहरू स्थापित पनि भएका छन् र समान हकका लागि कानुन पनि बनेका छन् अब यी कानुन व्यवहारमा लागू गर्नुपर्छ । महिलाको श्रमलाई सम्मान गर्ने संस्कृति र कानुनको विकासका लागि छलफल जरुरी भएको छ ।

*(साभार: अनलाइनखबर)*

# सरकार परिवर्तन हुँदा किन कोही उत्साही हुँदैनन् ?



✍ विनोद त्रिपाठी

अहिले नेपाली समाजमा कुन दलको सरकार छ भन्ने सवालले खासै सरोकार राख्दैन । गरिखाने वर्गका लागि सबै दल उस्तै लाग्छ । कैयौं नागरिकलाई कुन-कुन दलको सरकार छ भन्ने थाहै हुँदैन । नयाँ बन्ने सरकारमा कुन दल सहभागी हुँदै छन् भन्ने विषयलाई नागरिकले खासै वास्तै गर्दैनन् । कुन दलको कुन नेता कुन मन्त्री भयो भन्ने नागरिक तहमा कुनै गहिरो छाप छैन ।

कुनै जमाना थियो, 'रेडियोमा सुनेको मन्त्रीको नाम सर्वसाधारणलाई कण्ठै हुन्थ्यो ।' पञ्चायतकालमा त मन्त्रीको नाम एउटा व्यक्तिको मुखबाट अर्कोमा सुलुसुलु पुगिहाल्थ्यो । ०४६ सालमा बहुदल आएको केही वर्षसम्म मन्त्रीका नाम सुनेकै भरमा नागरिकले कण्ठस्थ भन्थे । तर, अहिले नेपालको राजनीतिले पल्टा खाएको छ । नागरिकले सुन्न नचाहेको विषय कुनै हो भने त्यो हो, राजनीति । सुन्न नचाहेर पनि सुन्न परेको विषय पनि राजनीति हो । राजनीतिलाई जनताका लागि गलपासो बनाएर नेतालाई मन पराउने त कुरै भएन । अनि नेतै मन पर्दैन भने कसको सरकार, को मन्त्री भन्ने सवाल नै अलोकप्रिय हुने नै भयो ।

सरकार परिवर्तनमा सम्बन्धित सीमित कार्यकर्ताबाहेक कसैमा खुसी छाएको हुँदैन । नयाँ हुन् वा पुराना दल, तन्नेरी नेता हुन् वा पाका, जो नेता मन्त्री भए पनि केही हुँदैन भन्ने जनजनमा किन छाप परिरहेको छ ? नेपालको राजनीतिमा किन यति विघ्न नैराश्य छाएको छ ? पछिल्ला परिवर्तनले पनि किन जनतामा उत्साह भर्न सकेन ?

पछिल्लो प्रचण्ड सरकारकै कुरा गरौं । सरकार गठनपछि पाँच महिनासम्म प्रचण्ड सरकार मन्त्रिपरिषद् विस्तारमा अल्झियो । मन्त्रिपरिषद् विस्तार चल्दै गर्दा नीति तथा कार्यक्रम र वार्षिक बजेट जारी गऱ्यो । अर्थात् प्रचण्ड सरकारको पछिल्ला ११ महिनासम्म मन्त्रिपरिषद् विस्तार चलिरहेको थियो । त्यसपछि केही दिनसम्म मन्त्रीहरूले काम गर्दै थिए, मन्त्री फेरबदल गर्ने हल्ला चलिहाल्यो । अन्तत: २०८० फागुन २१ गते प्रधानमन्त्री प्रचण्डले सबै मन्त्री हटाए । अनि फेरि उही खेल सुरु भयो– मन्त्रिपरिषद् विस्तार । हुन त प्रधानमन्त्री पदमा उही व्यक्तिको निरन्तरता भएकाले कानुनत: यो कुनै सरकार परिवर्तन भएको मानिँदैन । संयुक्त सरकारका सहयात्री दलहरूमा आएको अलदबदल मात्र हो । यस कारण यो पनि मन्त्रिपरिषद्कै विस्तारित रूप हो । प्रचण्डको नेतृत्वमा १४ महिना अवधिमा चारवटा साना-ठुला गठबन्धन भए । दुई ठुला गठबन्धन । १३ पटक मन्त्री मण्डल पुनर्गठन र थपथाप भएछन् । यो अवधिमा ४३ जना महानुभाव मन्त्री भइसके । तर, जनताको मनभित्र एउटा मन्त्रीको नाम अट्न सकेको छैन । आखिर किन मन्त्री भएर पनि त्यो व्यक्तिको नाम नेपाली समाजमा बिलाएर गइरहेको छ ?

सन् १८९० ताका भारतको राजनीतिमा एउटा नाम निकै चर्चामा थियो । त्यो नाम अहिलेसम्म विश्वकै राजनीतिमा कहीं न कहीं जीवित छ– बाल गंगाधर तिलक । किन दुई शताब्दी नाघ्दा समेत तिलकको नाम अझै स्मरण छ ? यो राजनीति गर्नेका लागि एउटा शिक्षा हुन सक्छ । तिलकले त्यो मध्ययुगीन समयमा भारतमा हीन भावना हटाउन जागरण ल्याएका थिए । उनलाई उग्रवादीहरूले रुचाएनन् । हुन त उनलाई उल्टो उग्रवादीको आरोप लगाएर देश निकाला गरियो । केही समय उनले कंग्रेसमा रहेर राजनीति गरे । पछि कंग्रेसले कारबाही गरेर निष्कासन गरिदियो । बाहिरै बसेर पनि उनले भारत जोडो आन्दोलनलाई निरन्तरता दिएका थिए । जसरी अहिले राहुल गान्धीले यस्तै अभियान चलाएका छन् । सन् १९२० मा तिलकको मृत्यु भयो । यो अवधिमा न उनी मन्त्री भए, न कुनै प्रशासक । अहिले पनि स्वतन्त्र भारतको महात्मा गान्धीको असली पथप्रदर्शक बनेर बाल गंगाधर तिलक चिनिएका छन् ।

नेपालमा राजनीति गरेर सधैं नाम चम्किनेछ भन्ने गलत भ्रम व्याप्त छ । झन् अहिलेको नयाँ पुस्तामा यो भ्रम बाक्लो छ । कार्ल मार्क्स, महात्मा गान्धीजस्ता कैयौं व्यक्ति प्रधानमन्त्री, मन्त्री वा प्रशासक नभएरै शताब्दिऔं जीवित छन् । समाजले योगदानलाई स्मरण गर्छ, पदलाई होइन ।

### मन्त्री फेरिदा किन उत्साह मर्दै छ ?

फलानो व्यक्ति मन्त्री भएछ । ओहो अब हाम्रा सुदिन आउने भए भन्ने कुनै नागरिकलाई एक रतिभर आस छैन । जो भए पनि यो मुलुकमा केही हुँदैन भन्ने सबैलाई स्पष्ट छ । यो यथार्थ पनि हो । किनकि, आज सरकारले विकास गरिरहेको छैन । सरकार विकास गर्न सक्दैन । विकास निर्माणको काम सेनालाई दिनुपरेको अवस्था छ । आज सेना बेल्चा र गैंटी चलाइरहेको छ । मानौं सेनाले विकासमा शासन गरिरहेछ । आज सरकार एउटा नागरिकलाई काम दिन सक्दैन । यही कामको जोहो गर्न नागरिक्ले आफ्नै मेनपावर अड्डाहरू खडा गरेका छन् । मानौं मेनपावर अड्डाले रोजगारको ठेक्का चलाइरहेछन् । नागरिकलाई आफ्नो काम आफैं खोज्नुपर्ने बाध्यता छ ।

क्रमश:पृष्ठ-३...

# मदन भण्डारी राजमार्गले चुरे फेदीका बासिन्दालाई सहज

बेलबारी/मदन भण्डारी राजमार्गले भित्री मधेशका साथै चुरे फेदीका बासिन्दा प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । पूर्व-पश्चिम राजमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गका साथै मदन भण्डारी राजमार्गले मुलुकको पूर्वी-पश्चिमी भेगलाई जोडिरहेको छ ।

पूर्वी नेपाल इलामको पाटापुरदेखि पश्चिम नेपालको डडेल्धुराको रुपालसम्म करिब एक हजार दुई सय ५० किलोमिटर लामो मदन भण्डारी राजमार्गले व्यापार व्यवसाय र जग्गाको मूल्य मात्र वृद्धि भएको छैन, कृषि क्षेत्रलाई पनि उत्तिकै महत्व दिएको छ । सडक निर्माण भएसँगै गाउँमा उत्पादित सामग्री बजारसम्म पु-याउन किसानलाई सहज भएको छ ।

२०६५ सालको भदौमा सप्तकोशीको बाढीबाट बस्ती जोगाउन लगाइएको तटबन्ध सुनसरीको पश्चिम कुसाहा भान्टाबारी नजिक फुटेपछि झण्डै ६ महिनासम्म कोशी वारिपारि गर्न छिमेकी मुलुक भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता बनेको थियो ।



एउटा मात्र राजमार्ग हुँदा त्यसमा कुनै समस्या आए समग्र यातायात अवरुद्ध हुने हुँदा त्यसको विकल्पमा मदन भण्डारी राजमार्ग निर्माण गर्न थालिएको मोरङ क्षेत्र नं १ का सांसद डिगबहादुर लिम्बू बताउँछन् । मदन भण्डारी राजमार्गले मोरङको उत्तरी भेगमात्र नभएर समग्र प्रदेशकै विकास निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने उनको विश्वास छ ।

मोरङको उत्तरी भेगका मिक्लाजुङ गाउँपालिका, लेटाङ नगर पालिका र केराबारी गाउँपालिका जोडेको यो राजमार्गमा तीनवटा पालिमा मात्रै १७ पक्की पुल निर्माण भइसकेका मोरङ क्षेत्र नं १ का पूर्वसांसद घनश्याम खतिवडाले बताए । 'बीस वर्षअघिदेखि नै चुरे फेदीमा वैकल्पिक मार्गको आवश्यकता महसुस गरेर स्थानीय र जिल्ला विकास समितिको बजेटबाट बाटोको सामान्य ट्र्याक खोल्ने कार्य सुरु गरेका थियौं । पछि राष्ट्रिय गौरवको योजनाका रुपमा राजमार्ग बन्ने भएपछि उत्साहित छौं', उनले भने ।

दुई लेनको मदन भण्डारी राजमार्ग मेची खोलादेखि सुनसरीको धरान-चतरा, उदयपुरको गाईघाट-कटारी, सिन्धुलीको सिन्धुलीमाढी, मकवानपुरको हेटौंडा, नवलपरासीको गैंडाकोट, पाल्पाको रामपुर, गुल्मीको रिडी-तम्घास, प्युठानको बागदुला-देवीस्थान, दाङको घोराही-तुलसीपुर-पुरनधारा, सुर्खेतको बोटेचौर-बड्डीचौर, डोटीको सिमचौर-बीपीनगर, कैलालीको सहजपुर-बुडर हुँदै डडेल्धुराको रुपालसम्म पुर्‍याउने काम भइरहेको छ ।

सरकारको प्राथमिकतामा रहेकै कारण राजमार्गको कामले तीव्रता पाएको छ । कोशी प्रदेशका झापा, इलाम, मोरङ, सुनसरी र उदयपुर जिल्लालाई यसले छोएको छ ।

राजमार्ग आयोजना कार्यालयले सातवटा प्याकेजमा पूर्वीखण्डको ९५ दशमलव आठ किलोमिटर सडक निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाएको छरु।

पहिलो खण्ड सर्दु-भलुवाको २४ दशमलव आठ किलोमिटर सडक रु ९३ करोड ३३ लाखमा ठेक्का लागेको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका प्रमुख गोपालप्रसाद खकुरेलले बताए ।

यस्तै दोस्रो खण्ड भलुवा खोला-बेलडाँगीको २८ किलोमिटर सडक रु एक अर्ब चार करोडमा ठेक्का लागेको छ । यी दुवै खण्डका लागि २०७८ असारमा ठेक्का सम्झौता भएको थियोरु। दुवै ठेक्काको म्याद म्याद २०८१ पुससम्म थपिएको छरु। यस अवधिमा पहिलो खण्डको भौतिक प्रगति ६५ प्रतिशत तथा वित्तीय प्रगति ५० प्रतिशत भएको प्रमुख खकुरेलले बताए ।

यसैगरी दोस्रो खण्डको काम ५३ प्रतिशत तथा वित्तीय प्रगति ५१ प्रतिशत भएको छरु। 'सरकारले न्यून बजेट उपलब्ध गराएका कारण काम सुस्त गतीमा भइरहेको छ, सोचेअनुरूप प्रगति गर्न सकिएको छैन', प्रमुख खकुरेलले भने ।

दैनिकजसो हजारौँको संख्यामा सवारी साधन ओहोरदोहोर हुने उक्त राजमार्गमा होटल व्यवसायका साथै अन्य व्यवसाय पनि उत्तिकै फस्टाएको छ । केराबारी व्यापार प्रबन्ध समितिका अध्यक्ष किसन साही मदन भण्डारी राजमार्गका कारण स-साना बजार पनि व्यापारिक केन्द्र बन्न थालेका बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'उपहार'मा दर्शकको चाप, हलमा देखियो पूजाको क्रेज

काठमाडौं/महाशिवरात्रिको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'उपहार'ले बक्स अफिसमा सुखद् सुरुवात गरेको छ । पहिलो दिन देशभर ६० प्रतिशतमाथि अकुपेन्सी कायम गरेको फिल्म शनिबार पनि बलियो देखियो । बिहानदेखि साँझसम्म काठमाडौं र मोफसलका हलहरुमा दर्शकको चाप उल्लेख्य थियो । फिल्मलाई देशभर प्राप्त शोजमा ८० प्रतिशतसम्म अकुपेन्सी देखिएको छ ।



क्यूएफएक्स चेन अन्तर्गतको सिभिल तथा लबिम मल सहित काठमाडौंका एफक्युब, बिग मुभिज, वान सिनेमाज्, बिएसआर मुभिज, आईएनआई सिनेमाज्, रञ्जना सिनेप्लेक्स, अष्टनारायण लगायतका हलमा शनिबार बिहानैदेखि 'उपहार'को शोजमा दर्शकको चाप उच्च थियो । मोफसल अन्तर्गत बुटवल, चितवन, पोखरा लगायतका सहरहरुमा पनि फिल्मले राम्रो दर्शक पाएको रिपोर्ट प्राप्त छ ।

'उपहार'लाई प्रतिक्रिया पनि सुखद् मिलेको छ । मध्यान्तर अघिको कमेडीलाई बढी रुचाइएको छ । अभिनेत्री रेखा थापाको गम्भीर भूमिका, पूजा शर्माको कमेडी र बेनिशा हमालको अभिनयलाई पनि दर्शकले मन पराएका छन् । विशेषगरी फिल्मले पारिवारिक दर्शक तानेको छ । 'वर्ड अफ माउथ' बलियो रहेकाले आइतबार देखि पनि फिल्मको व्यापार राम्रो रहने निर्माण टिमको विश्वास छ ।

शुक्रबारझैँ शनिबार पनि पूजा र बेनिशाले काठमाडौंका विभिन्न हल पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । आफ्नो गाडीमा एक्लै बालाजुस्थित अष्टनारायण हल पुगेकी पूजा दर्शकको ठूलो भीडमा घेरिएकी थिइन् । बाहिर निस्कने अवस्था नहुँदा उनले गाडीको छतबाटै दर्शकसँग 'सेल्फी' समेत खिचिन् । फिल्मलाई दर्शकबाट उत्साहजनक साथ मिलेको भन्दै उनले खुसी व्यक्त गरेकी छन् ।

वितरक करण श्रेष्ठले स्वदेशी र विदेशी गरी पाँचवटा फिल्म रिलिज हुँदा पनि 'उपहार'ले एकखालको माहोल बनाएको दाबी गरेका छन् । उनी भन्छन्, 'यो फिल्म एक्लै रिलिज भएको हुन्थ्यो भने इतिहासकै सबैभन्दा ठूलो रेकर्ड बनाउथ्यो भन्नेमा शंका छैन । त्यस्तो अवस्था सृजना भएको छ । फिल्मको बुकिङ र 'डोर सेल' दुवै निकै राम्रो छ । धेरैपछि दर्शकको ठूलो भीड हलमा देखिएको छ ।'

शुक्रबार र शनिबारको विदाले फिल्मको व्यापारमा राम्रो फाइदा पुगेको छ । दुई दिनको ट्रेन्ड हेर्दा फिल्मले हलमा लामो यात्रा गर्न सक्ने देखिन्छ । अब सोमबार परेको ग्याल्पो ल्होछारको सार्वजनिक विदामा पनि फिल्मको व्यापार सुखद् रहने प्रक्षेपण गरिएको छ । आगामी चैत ९ गतेभन्दा अगाडिसम्म स्वदेशी र विदेशी कुनै फिल्म नभएकाले 'उपहार'लाई लगानी सुरक्षित गर्ने राम्रो मौका छ ।

# महिला उद्यमीले बुनेको ७ लाखको ढाका कपडा गोदाममै थन्कियो

ढोरपाटन/बागलुङको तमानखोला गाउँपालिका-३ तमान गाउँका १५ जना उत्साहित महिला मिलेर ढाका उद्योग सञ्चालन गरे । उनीहरुले निरन्तर ढाका बुन्न थाले, तर आफ्ना उत्पादनले बजार नपाउँदा अहिले निराश बनेका छन् ।



उत्पादित ढाकाले गोदाम भरिँदै गए पनि माग निकै कम हुने गरेको छ । ती सामग्री बेच्न उनीहरु कहिले बुर्तिबाङ बजार त कहिले म्याग्दीसम्म पुग्छन् । लाखौंको लगानीका सामग्री गोदाममै थन्किएका उनीहरुले गुनासो छ ।

तमान गाउँको कल्याण आमासमूहले सञ्चालन गरेको उद्योगमा हाल १५ जना महिला आबद्ध छन् । विसं २०७५ मा सङ्गम परामर्श केन्द्र बागलुङले १५ दिने प्रशिक्षण दिएपछि उनीहरुले उद्योग सञ्चालन गरेका थिए ।

प्रारम्भमा ४५ हजार रुपैयाँ लगानीमा सुरु गरिएको उद्योगबाट अहिले करिब सात लाखको रुपैयाँको सामग्री तयार भएका छन् । आफ्ना उत्पादनले बजार नपाउँदा आफैँले बोकेर ग्राहक खोज्दै हिँड्नुपर्ने बाध्यता भएको समूहकी अध्यक्ष टीकादेवी बुढा घर्तीले राससलाई बताइन् ।

उद्योगबाट ढाकाको सल, टोपी, लुङ्गी, दोसल्ला, खादालगायत सामग्री उत्पादन गर्ने गरेको उनको भनाइ छ । विगतको तुलनामा उत्पादनले बजार पाए पनि सोचेअनुसारको नहुँदा समस्या भएको घर्तीले बताइन् ।

बिहान बेलुका घरका कामधन्दा गर्ने र दिउँसोको समय निकालेर उद्योगमा काम गर्दै आएको भन्दै उत्पादनले बजार नपाउँदा दुःख लाग्ने घर्ती बताउँछिन् । उद्योगमा एक जनाले महिनाको ३५/४० हजार रुपैयाँको सामग्री तयार गर्ने गरेको सुनाउँदै बिक्री नहुँदा एक हजार पनि कमाउन मुश्किल पर्ने उनले गुनासो गरिन् ।

'फुर्सदको समयमा काम गर्छौं राम्रो बजार हुन्थ्यो भने पूरै समय दिएर काम गर्ने थियौं, तर समय निकालेर काम गर्दा पनि धेरै कपडाहरु बनाएका छौं, एक जनाले हजारौंको काम गर्छौं, तर बिक्री नहुँदा कहिले त एक हजार पनि पाउन मुस्किल छ', उनले भनिन्, 'सामानले कोठा भरिएका छन्, कहिलेकाहीं नजिकैका ग्राहकहरु आएर सामान लैजानु हुन्छ, टाढाबाट भने आउनुहुन्न, बजार पाउन गाह्रो भएको छ ।'

समूहमा काम गर्दै आएकी जुनुमाया घर्तीमगरले सुरुमा निकै उत्साहित भएर काम गरेको भन्दै अहिले उत्पादनले बजार नपाउँदा जाँगर मर्दै गएको बताइन् । आफूहरु विस्तारै राम्रो हुँदै जानेमा आशावादी भने रहेको उनको भनाइ छ ।

समयसमयमा गाउँपालिकाले प्रयोजनका लागि खरिद गरेर प्रोहोत्सान गरे पनि बजारीकरणका लागि पहल हुन नसकेको उनले बताइन् । सरकारले बजारीकरणको व्यवस्थापन गरिदिए अझै धेरै महिलाले यसबाट स्वरोजगार हुने उनी बताउँछिन् ।

'गाउँमा घुम्न आउनेले राम्रो लागेर टोपी, लुङ्गी, खादा र दोसल्ला किनेर लैजानुहुन्छ तर सोचेअनुसार बिक्री भएको छैन । समय मिलाएर हामी बजारमा पुग्छौं, गाउँमा जान्छौं, मेलापर्वमा अलिअलि बिक्री हुन्छ, बजारको मात्रै समस्या छ, अरु सबै हामीले मिलाएका छौं', उनले भनिन् ।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोक्लाल बुढामगरले महिला उद्यमीलाई मेशिनलगायत अन्य सहयोग गरिएको भन्दै बजारीकरणका लागि पहल थालेको बताए । समयसमयमा महिला उद्यमीहरुलाई प्रोत्साहन गर्दै आएको भन्दै उनले गाउँदेखि सहरसम्म आयातीत सामानको बढ्दो प्रयोगले स्थानीयस्तरमा उत्पादित वस्तुले बजार नपाएको बताए । उद्यमीलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्ने उनी बताउँछन् ।

'हामीले महिला उद्यमीलाई निरन्तर सहयोग गर्नेछौं, मेला महोत्सवमा सामान बिक्रीका लागि लैजान यातायात खर्च र स्टल खर्चको बेहोर्ने योजना पनि बनाएका छौं, उद्योगलाई थप व्यवस्थित बनाउनका लागि पालिकाले अध्ययन गरिरहेको छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# सरकार परिवर्तन हुँदा किन....

सरकारले उपचार दिँदैन । नागरिकले आफ्नो उपचार आफैँ गरे भने ऊ बाँच्यो नत्र अकालमा मऱ्यो । आज वीर अस्पतालअगाडि लागेका लामा-लामा लाइनमा कैयौं नागरिक रोगसँग जुधिरहेछन् । स्वास्थ्यमा व्यापार चलेको छ । सेवा शून्य छ ।

सरकारले पढाउन सक्दैन । पैसा हुनेले पढ्यो नत्र पेट पाल्न बिदेसियो । शिक्षामा व्यापारीकरण जुवा खेल जसरी चलिरहेको छ । सबै नागरिकले यो जुवामा आफ्नो जीवन दाउमा हाल्न सक्दैनन् । सरकार व्यापार वा व्यवसाय गर्न हात दिँदैन । लात दिन्छ । केही दिनअघि प्रधानमन्त्री प्रचण्डले लात्ताले हान्दिछु भन्दै भाषण गरिरहेका थिए । व्यवसाय गर्नेलाई त सरकारले उल्टो ऋणको बोझ बोकाउँछ र जेल कोचिदिन्छ । यसैले व्यवसाय गर्नेहरू देशै छोडेर विदेशमा उद्यमी बन्न गइरहेका छन् ।

सबै दलले समाजवादको नारा घन्काए, तर कहिल्यै जनतामा समाजवाद आएन । कांग्रेज जुन बाटोमा हिँड्यो एमालेले त्यसलाई पछ्यायो, एमाले जता दौडियो माओवादी उतै कुद्यो । अन्य स-साना दलहरू यिनैका अनुयायी बने । दलहरूका नाम मात्र फरक भए, तर काम उही । हुन त व्यवस्था उही भएपछि सबै दल उस्तै देखिने नै भए ।

दलहरू पार्टी स्वार्थका लागि गलत राजनीति गर्छन् । यसैले जनताले नेतालाई विश्वास गर्न छाडे । नयाँ नयाँ नेता खोज्दै गए, तर जति नयाँ खोजे पनि अहिलेसम्म जनतामा उस्तै निराश व्याप्त छ । दलहरूले गलत गठबन्धन मात्र अभ्यास गरेनन्, नैतिकता तिलाञ्जली दिएर राजनीतिको सौदाबाजी गरेका विगतका उदाहरण छन् । जनतालाई दिने सेवा प्रवाह त कुरै छाडौं, आफ्नै दललाई समेत नैतिकताबाट परपर पुऱ्याए ।

२०५२ कात्तिक १७ गते राष्ट्रियसभा चुनावमा एमालेले राजेश्वर देवकोटालाई जिताएको थियोह हराएको थियो, युवराज ज्ञवालीलाई । यो सुन्दा अहिलेको पुस्ता अचम्मित हुन सक्छ । युवराज ज्ञवाली त एमालेकै हुन् । किन एमालेले नै हरायो होला ? यस्तो रौद्र राजनीति सौदाबाजीको बीजारोपण विगतमा भएको थियो । त्यतिबेला एमालेको नेतृत्वमा मिलिजुली सरकार थियो । पछि आफैँसँग मिलेको राप्रपालाई एमालेले नै टुक्र्याइदियो, 'बलि दिनुअघि बोकालाई प्रसाद खुवाए'जस्तै यस्तो राजनीतिको अभ्यास आजपर्यन्त जीवित छ ।

अहिले प्रचण्ड सरकारले मन्त्री मण्डल पुनर्गठन गरे । कांग्रेसलाई फाले, एमालेलाई ल्याए । नयाँ दल रास्वपा पनि यसैमा मिसियो । प्रचण्ड यति चञ्चल छन्, के गरम-गरम छटपटी हुन्छ । विकास गरौँ, काम गरौँ, जनतालाई काम दिऔँ, शिक्षा स्वास्थ्य दिऔँ भन्ने उनीमा हुटहुटी छैन । १३-१४ पटक मन्त्रीमण्डल फेर्ने उनको कार्यशैली कति अस्थिर होला ? हरेक महिना मन्त्री फेर्दैमा समय बितिरहेछ ।

वर्तमान संविधानले समावेशितालाई केन्द्र भागमा राखेको छ । यसैका कारण सबै क्षेत्रबाट सांसद बन्ने अवसर राख्छ । फलस्वरूप एउटै पार्टीले डल्लै बहुमत ल्याउन कठिन छ । अहिलेको अंक गणित पनि यसैमा आधारित छ । मिलिजुली सरकार बनाउनु स्वाभाविक हो । शासन सञ्चालनमा यति धेरै अस्थिरता निम्त्याउनु भने कुनै सुखद लक्षण होइन । हुन त नयाँ दलका नयाँ मन्त्रीलाई लाग्ला, म केही नयाँ गरुँ तर यो सोच गलत छ । संविधानले प्रधानमन्त्री प्रणालीलाई मजबुत बनाएको छ ।

नयाँ योजना एउटा मन्त्रालयले ल्याउनै सक्दैन । मन्त्रिपरिषद्बाट पास हुनुपर्छ र प्रधानमन्त्रीको अनिवार्य स्वीकृति चाहिन्छ । अन्य दल लोकप्रिय हुने भयले ग्रस्त हाम्रा फरक-फरक दलका फरक-फरक मन्त्रीहरूले यो सदासयता देखाउलान् भन्ने पत्याउन मुस्किल छ । किनकि विगतमा यसको तितो अनुभव नेपालको राजनीतिले भोगिसकेको छ ।

सन् १९७१ मा इन्दिरा गान्धीले कम्युनिस्टहरूलाई समेटेर एउटा संयुक्तमोर्चा बनाएकी थिइन् । पश्चिम बंगालदेखि पन्जाबसम्म विद्रोह गरेर आएका कम्युनिस्टहरू एकाएक कंग्रेससँग मोर्चाबन्दी गरेपछि एकैपटकमा ३५ लाख कार्यकर्ताले कम्युनिस्ट छाडेका थिए । पछि केही कम्युनिस्ट नेताले लामो समय शासन गर्ने अवसर पाए । कैयौँ मन्त्री भए । तर, सडकमा मागेर खाने बिचल्ली परिवारहरू लाखौँ थपिएका थिए । त्यसैले खराब राजनीतिक दाउपेच र सत्ता स्वार्थले हुने गठबन्धन कति घातक हुन्छ भन्ने हाम्रा छिमेकी मुलुकले पनि विगतमा भोगेको छ । झन् नेपालमा हुने नेतामुखी राजनीतिले त नागरिकमा अन्धकार मात्र छाएको छ । यसैले त जतिपटक मन्त्री मण्डल पुनर्गठन गरे पनि जनतालाई वास्ता हुँदैन । अनि किन सम्झन्छन् यस्ता मन्त्रीलाई ?

*(साभार: रातोपाटी)*

# 'महाजात्रा'मा नकारात्मक भूमिका गर्न किन तयार भए हरिवंश ?

काठमाडौं/अभिनेता हरिवंश आचार्यले फिल्म होस् या सिरियल, आफ्नो चरित्रमा विविधता दिएका छन् । कुनैमा उनले आदर्श पात्र भएर काम गरेका छन् भने कुनैमा नकारात्मक चरित्र निभाएका छन् । यसैले त उनी 'भर्सटायल अभिनेता'को रुपमा चिनिन्छिन् । आगामी चैत ९ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'महाजात्रा'मा भने उनी भ्रष्ट नेताको भूमिकामा छन् । अर्थात् उनको चरित्र नकारात्मक छ ।



हरिवंशलाई आफ्नो चरित्र नकारात्मक भए पनि त्यसले ज्ञान पनि दिन्छ भन्ने लाग्छ । उनी भन्छन्, 'मलाई हरेक फिल्ममा फरक गरुँ भन्ने लाग्छ । सोही कारण नयाँ र फरक भूमिका मेरो प्राथमिकतामा पर्छ । नकारात्मक भूमिकाले सकारात्मक सन्देश पनि दिन्छ । त्यस्तो गतिविधि गर्न हुँदैन भनेर मनोरञ्जनात्मक शैलीमा ज्ञान प्रदान गर्छ । यही कारण पनि म यो भूमिका निभाउन सहमत भएँ ।'

उनी 'महाजात्रा'मा जोडिनुमा निर्देशक प्रदीप भट्टराईलाई एउटा कारण मान्छन् । यसअघि उनले प्रदीपको निर्देशनमा मह सञ्चारका केही सिरियलसँगै 'शत्रु गते' र 'महापुरुष'मा काम गरेका थिए । उनलाई प्रदीपको कामप्रति पूर्ण विश्वास छ । यसैले फिल्मको पूर्ण स्क्रिप्ट नै नपढि उनी काम गर्न तयार भएका रहेछन् । प्रदीपको कथाले समाजलाई मनोरञ्जनसँगै सन्देश पनि दिने उनको दाबी छ ।

'महाजात्रा'मा आफ्नो भूमिका दर्शकलाई नयाँ लाग्नेमा हरिवंश विश्वस्त देखिन्छन् । 'फिल्मको सम्पूर्ण कुरा मसँग जोडिएको छ,' उनी भन्छन्, 'मेरो भूमिका दर्शकलाई नयाँ हुनेछ । फिल्ममा महाजात्रा नै मेरो कारणले हुन्छ । मलाई प्रस्ताव गर्दा नै महाजात्रा गराउन तपाईं चाहिन्छ भन्नु भएको थियो । भूमिका राम्रो छ ।' फिल्ममा गम्भीर विषयलाई रमाइलो तरिकाले देखाइएको उनको भनाई छ ।

फिल्मको कथासारबारे हरिवंश अगाडि भन्छन्, 'यसमा बेरोजगार युवाको समस्या, रोजीरोटीका लागि गरिने सैर्ष, देशमा नै केही गरौं भन्ने युवाको दैनिकी, राजनीतिज्ञले युवालाई दिलाउन नसकेको विश्वास लगायतका धेरै पक्ष छन् । यी विषयलाई मनोरञ्जनात्मक प्रस्तुतिमार्फत पर्दामा ल्याइएको छ । बेरोजगार युवाहरुले पैसा कमाउन 'सर्टकट' बाटो रोज्दा भोग्ने प्रतिस्थितिलाई देखाइएको छ ।'

'शत्रु गते'पछि हरिवंशले फिल्म निर्माण गरेका छैनन् । फिल्म बनाउन अझै समय लाग्ने उनको भनाई छ । 'अहिले निर्माणभन्दा पनि अभिनयमा केन्द्रित छु । म राम्रो निर्माण समूहसँग काम गर्न चाहन्छु । त्यसैले अहिले मलाई अभिनेताकै रुपमा हेर्न पाउनु हुनेछ । नयाँ फिल्म बनाउन केही समय लाग्नसक्छ,' उनले भने । 'महापुरुष'बाट हरिवंशले यस वर्ष 'राष्ट्रिय अवार्ड' समेत प्राप्त गरेका छन् ।

# ५ वर्षमा साइबर अपराधका घटना ६ गुणाले वृद्धि

काठमाडौं/पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ । नेपाल प्रहरीको साइबर ब्यूरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/७७ मा साइबर अपराधसँग सम्बन्धित दुई हजार ३०१ उजुरी आएकामा चालु आर्थिक वर्ष अर्थात गत साउनदेखि २३ फागुनसम्म १२ हजार ७८९ उजुरी आएका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा तीन हजार ९०६, आव २०७८/७९ मा चार हजार ६८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ ।

प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका १६४, बालिकाका २४२, महिलाका पाँच हजार ७०३, पुरुषका छ हजार १७७ र अन्यमा ५०३ गरी जम्मा १२ हजार ७८९ निवेदन साइबर ब्यूरोमा परेको छ ।

साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गर्ने, वेबसाइट ह्याकिङ लगायतका अपराधका विभिन्न स्वरुपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिए ।

साइबर अपराधका प्रवृत्तिमा विभिन्न किसिमका नग्न तस्बीरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधि राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोली बेइज्जत गर्ने तथा दुःख दिने, सरकारी तथा अन्य सै संस्थाको वेभसाइट ह्याकिङ गर्ने, अनलाइन ठगी गर्नेजस्ता गतिविधि पर्दछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'बासुदेव'मा विनोद चौधरी जोडिनुको किस्सा

काठमाडौं/२०४० सालमा निर्माण भएको अभिनेता नीर शाह निर्देशित फिल्म 'बासुदेव'लाई कृतिमाथि बनेको नेपालको अब्बल फिल्म मानिन्छ । आख्यानकार डा. ध्रुवचन्द्र गौतमको चर्चित उपन्यास 'कट्टेल सरको चोटपटक'मा आधारित भएर फिल्म बनेको थियो । फिल्ममा निर्देशक शाहसँगै मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, हरिहर शर्मा, कृष्ण मल्ल र शर्मिला मल्लले मुख्य भूमिकामा काम गरेका थिए ।

'बासुदेव'लाई नेपालका एकमात्र डलर अर्बपति विनोद चौधरीले निर्माण गरेका हुन् । शुक्रबार साँझ उनले फेसबुकमा फिल्मको एक क्लिप्स सेअर गर्दै फिल्ममा जोडिनुको किस्सा स्मरण गरेका छन् । यो फिल्म निर्माण गर्दा वाइवाइको फ्याक्ट्री समेत नखुलिसकेको उल्लेख गर्दै उनले यसमा आफूले १२ लाख लगानी गरेको खुलाएका छन् । तर, फिल्मले खासै पैसा नकमाएको उनको भनाई छ ।

उनी लेख्छन्, 'नीर शाहज्यूले ुवचन्द्र गौतमज्यूको 'कट्टेल सरको चोटपटक' भन्ने उपन्यासमा आधारित फिल्म बनाउन खोज्नु भएको रहेछ । मलाई पनि जोडिन आग्रह गर्नुभयो । त्योबेला वर्षमा एक/दुई नेपाली फिल्मभन्दा बन्दैन थियो । मैले पनि हुन्छ भनेर १२ लाख लगानी गरेको थिएँ । त्योबेला सो रकम ठूलो थियो मेरो लागि । त्यति रकमले काठमाडौंमा ५/६ रोपनी जग्गा नै आउँथ्यो ।'

'बासुदेव'ले पैसा नकमाए पनि आफूलाई आत्मसन्तुष्टि मिलेको उनी बताउँछन् । 'त्यो फिल्मले खासै पैसा कमाएन तर त्यो पैसाभन्दा त्यो फिल्मले दिएको आत्मसन्तुष्टि छुट्टै छ,' सांसद् समेत रहेका चौधरी अगाडि लेख्छन्, 'त्यो बेलादेखिको साथी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य अहिले पनि पारिवारिक साथीको रुपमा हामी जोडिएको छौं ।' 'बासुदेव'पछि उनले फिल्म निर्माण गरेका छैनन् ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडेली अञ्जनले बंगलादेश प्रिमियर लिग खेल्ने

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडेली स्टार नेपाली राष्ट्रिय टिमका फरवार्ड अञ्जन विष्ट बंगलादेशी शीर्ष डिभिजनको क्लब फोर्टिस एफसीमा अनुबन्ध भएका छन् । अञ्जनले अब बंगलादेशको शीर्ष श्रेणीको फुटबल लिग बंगलादेश प्रिमियर लिग खेल्नेछन् ।



नेपालका लागि संयुक्त रुपमा सर्वाधिक १३ गोल गरेका अञ्जनलाई फोर्टिसले अनुबन्ध गरेको त्यहाँको अलनइन दी डेलीस्टारले जनाएको छ । क्लबका म्यानेजर र सिदुल इस्लामले अञ्जनलाई अनुबन्ध गरेको पुष्टि गर्दै उनको आगमनले क्लबको लागि फाइदा पुग्ने बताएका छन् । 'अञ्जन नेपाली राष्ट्रिय टोलीका अनुभवी खेलाडी हुन् । उनले बंगलादेशविरुद्ध पनि ह्याट्रिक गरेका थिए । हामीलाई विश्वास छ उसले हामीलाई अगाडि बढाउन सक्छ,' विष्टको अनबोर्डिङबारे रसिदुलले भने ।

उनले अघि भने, 'हाम्रा चारै विदेशी खेलाडीले राम्रो प्रदर्शन गरिरहेका छन् र उनीहरुको प्रदर्शनबाट हामी पूर्ण सन्तुष्ट छौं तर, कहिलेकाहीं निलम्बन र चोटजस्ता समस्याको सामना गर्नुपर्ने हुन्छ, त्यसैले अग्रपंक्तिमा गहिराई र विकल्पका लागि हामी विष्टलाई अनुबन्ध गरेका हौं ।', २०२२ मा दशरथ रंगशालमा भएको मैत्रीपूर्ण खेलमा बंगलादेशलाई ३-१ ले हराउँदा अञ्जनले नै ह्याट्रिक गरेका थिए ।

फिफा विश्वकप र एएफसी एसिया कपको संयुक्त छनोटअन्तर्गत बहराइनविरुद्धको खेलपछि अञ्जन फोर्टिस क्लबमा समावेश हुने बंगलादेशी अनलाइनहरुले जनाएको छ । फोर्टिस एफसी ९ खेलबाट १२ अंकसहित १० टोली सम्मिलित लिगको अंकतालिकामा पाँचौं स्थानमा छ । २५ वर्षीय फरवार्ड अञ्जनले नेपालका लागि हरि खड्का र नीराजन रायमाझीसँगै सर्वाधिक १३ गोल गरेका छन् ।

सन् २०१४ मा फिलिपिन्सविरुद्ध खेल्दै नेपालका लागि डेब्यु गरेका उनले नेपालका लागि ६१ खेल खेलेका छन् । अञ्जनले यसअघि गत सिजन भारतीय आई लिग पनि खेलेका थिए । उनले मुम्बई केन्क्रेबाट आइ लिग खेलेका थिए । घरेलु फुटबलमा एपीएफ मनाङ मर्स्याङ्दी र चर्च ब्वाइज युनाइटेडबाट 'ए' डिभिजन लिग खेलिसकेका छन् । पछिल्लो पटक अञ्जनले चर्च ब्वाइजबाट खेल्दै 'ए' डिभिजन लिग जितेका थिए ।

# ३३ श्रमिक महिलालाई...

संघर्षशील तथा व्यवसायी एकल महिला विष्णुमाया थपलीया, परम्परागत लैंगिक भूमिकालाई चूनौती दिने श्रम तथा व्यवसायमा आवद्ध ३ जनालाई सम्मान गरिएको छ । यस्तै उपमहानगरपालिकाको कार्यालयमा आयोजना गरिएको पाठेघर, स्तन क्यान्सर तथा प्रजनन्, फिस्टुलासम्बन्धी नि:शुल्क परीक्षण शिविरमा १ सय ५० जनाले स्वास्थ्य जाँच गराएका छन् । शिविरमा ३ जनामा पाठेघरको मुखको क्यान्सर सम्बन्धी लक्षण देखिएको उपमहानगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेव केशव तिमल्सिनाले बताए ।

१ सय १६ जनाको भिआईए टेष्ट गर्दा ३ जनामा क्यान्सर आशंका गरिएको हो । आङखस्ने समस्या भएको १ जनालाई रिङकेशरी राखिएको उनले बताए । शिविरमा ३० जनाले स्तन परीक्षण गराएका थिए । २ जनामा लम्ब र एक जनामा फिस्टुला देखिएको सिनियर अहेब तिमल्सिनाले जानकारी दिए । शिविरमा १ सय ७ जनालाई नि:शुल्क औषधि समेत वितरण गरिएको थियो ।

नारी दिवसकै अवसरमा शुक्रबार आयोजित हाजिरीजवाफ प्रतियोगितामा २० जना पुरस्कृत भएका छन् । प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीको अध्यक्षतामा भएको कार्यक्रममा नगरउपप्रमुख राजेश बाँनिया, विभिन्न वडाका वडाअध्यक्षहरु, विभिन्न् संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थिति थियो ।

# 'एकसेएक' सहकारी अभियान्ता पुस्तक विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ जिल्ला बचत संघ मकवानपुरको मकवानपुरे 'एकसेएक' सहकारी अभियन्ता नामक पुस्तक सार्वजनिक भएको छ । शुक्रवार अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित समारोहमा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले पुस्तकको विमोचन गरेकी हुन् ।

पुस्तकको विमोचन गर्दै प्रमुख लामाले महिलाको स्थिति र परिस्थितिलाई सहकारीले ठूलो भूमिका खेलेको बताइन् । आर्थिकरुपमा केही गर्छु भन्ने महिलालाई सहकारीले साथ दिएको बताउँदै लामाले उत्पादनमा लगानी गर्न आग्रह गरिन् । प्रमुख लामाले पछिल्लो समय सहकारीमा चुनौती देखिएको भन्दै त्यसको समाधान गर्न स्थानीय सरकार सधैं तयार रहेको बताईन् ।

पुस्तकमा 'एकसेएक' सहकारी अभियन्ताका भोगाइका कथा समेटिनुका साथै सफलताको चर्चा भएको छ । सहकारीका अध्यक्ष, व्यवस्थापक र सहकारीकर्मी गरी ५० जनाको भोगाई तथा संघर्षलाई पुस्तकमा समेटिएको जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठले बताइन् । सबै सहकारीकर्मीको कार्यकुशलतामा 'एकसेएक' रहेकाले विभेद नगरी पुस्तकको नामाकरण नै सोही अनुसार गरिएको अध्यक्ष श्रेष्ठले स्पष्ट पारिन् ।

पुस्तक मूल्य पाँच सय रुपैयाँ राखिएको छ । पुस्तक बिक्रीबाट प्राप्त रकम कोषमा राखिने अध्यक्ष श्रेष्ठले जानकारी दिइन् । कार्यक्रममा पुस्तकको विवेचना मकवानपुर बहुमुखी क्याम्पस समाजशास्त्र विभागप्रमुख रामेश्वर बराल र आँचल साहित्य कलापुञ्जकी अध्यक्ष भावना सापकोटाले गरेका थिए । पुस्तक प्रकाशनका लागि प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, हेटौंडा उपमहानगरपालिका, ईन्द्रसरोवर गाउँपालिका, राष्ट्रिय वीमा संस्थान लगायत संघसंस्थाको सहयोग रहेको संघले जनाएको छ ।

विमोचन कार्यक्रममा बागमती प्रदेश सहकारी विकास वोर्ड, मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघ लिमिटेकाका संचालक बद्रीप्रसाद लम्साल, इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष उमा लामा, जिल्ला समन्वय समिति मकवानपुरका पूर्वउपप्रमुख भगवती पुडासैनी, भीमफेदी गाउँपालिका पूर्वउपाध्यक्ष पार्वती राना, हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाललगायतको आतिथ्यता थियो ।

# सिदार्थ माविका विद्यार्थीलाई कान परीक्षण शिविर



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडा-२ स्थित सिद्धार्थ माविका बालबालिकाको लागि आयोजना गरिएको कानको नि:शुल्क परीक्षण सिबिरमा तीन सय भन्दा बढी बालबालिकाले कान परीक्षण गराका छन् ।

बालबालिकाले कक्षा कोठामा पठनपाठनमा ध्यान दिन नसक्नुको पछाडि कानको समस्या पनि हुनसक्ने र त्यो थाहा नभएका कारण समस्या थप जटिल बन्दै जाने सम्भावना भएकोले समयमै परीक्षण गरी ढुक्क हुनुपर्ने शिबिरका सहभागीहरुले बताएका छन् । किवानिज क्लब अफ मकवानपुरले आयोजना गरेको शिबिरको हेटौंडा उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले उद्घाटन गरेका हुन् । बालबालिकाको क्षेत्रमा मात्र काम गर्ने अन्तराष्ट्रिय संस्था किवानिजले नेपालको बालबालिकाको क्षेत्रमा महत्वपूर्ण काम गरिरहेको कार्यक्रमका प्रमुखअतिथि नगरप्रवक्ता न्यौपानेले बताए ।

नगरका बिभिन्न वडामा यस्ताखालका शिबिर संचालन गर्न किवानिजसँग सहकार्य गरी अगाडि बढ्न आफूहरु तयार रहेको न्यौपानेले बताए । कार्यक्रममा किवानिज क्लब अफ मकवानपुरका निवर्तमान अध्यक्ष तीर्थराज पराजुलीले बालबालिकाले कान कम सुन्ने गरेको बिषयमा अधिकांश अभिभावकलाई जानकारी नहुने भएका कारण धेरैको कानमा समस्या देखिएकोले कान परीक्षण सिबिर आयोजना गरिएको बताए । यस अघि किवानिजले मनहरीको पशुपतिनाथ माविमा यस्तै शिबिर आयोजना गरेको थियो ।

सिद्धार्थ माविका कक्षा ५ सम्मका बालबालिकाको कान परीक्षण गर्न सूचना गरिएको विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले बताएका छन् । हेटौंडा अस्पतालका नाक, कान घाँटी रोगका बिज्ञ चिकित्सक ईक्लब ढुँगाना र ओमप्रकाश यादवले कान परीक्षण गरी आवश्यकताअनुसार औषधि बितरण गरिएको थियो । किवानिज क्लब मकवानपुरका अध्यक्ष माधब गौतमको सभाध्यक्षतामा भएको कार्यक्रम क्लबका कोषाध्यक्ष ईश्वर रिजालले सहजीकरण गरेका थिए ।

# हुप्रचौरमा अन्तरक्याम्पस टि-२० क्रिकेट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडा जेसीजको आयोजनामा अन्तर क्याम्पस टि-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले हेटौंडा-४ हुप्रचौरमा शनिवार खेलको औपचारिक उद्घाटन गरे ।




हेटौंडा जेसीज वर्ष १९९२ का अध्यक्ष पूर्ण शाक्यको आमा अष्टकुमारी शाक्यको स्मृतिमा प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगिता फागुन २९ गतेसम्म हुने जनाइएको छ । प्रतियोगितामा गृहजिल्लासहित बारा, पर्सा र चितवनका क्याम्पसले सहभागिता जनाएको हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिए ।

प्रतियोगितामा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट हेटौंडा र नेशनल इन्फोटेक कलेज पर्साले विजयी सुरुवात गरेको छ । म्यानेजमेन्टले सिटी कलेज हेटौंडालाई सात विकेट र इन्फोटेकले सिमरा कलेज वीरगञ्जलाई ३६ रनले पराजित गरेको हो । सिटी कलेजले पहिला व्याटिङ गर्दै २० ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ११३ रन बनाएको थियो । म्यानेजमेन्टले १५ ओभरमा तीन विकेट गुमाएर आवश्यक योगफल फेला पार्दै २ अंक जोड्न सफल भयो । म्यानेजमेन्टका युविन बुढाथोकी ६२ रन बनाउँदै म्यान अफ दी म्याच घोषित भए ।

दोस्रो खेलमा निर्धारीत २० ओभर व्याटिङ गर्दै वीरगञ्जले नौ विकेट गुमाएर कुल ११८ रन बनाएको थियो । लक्ष्य पछ्याउँदै जवाफी व्याटिङ गरेको सिमरा १९ ओभरमा १० विकेट गुमाउँदै ८२ रनमा समेटिएको थियो । खेलमा वीरगञ्जका मन्थन यादव म्यान अफ दी म्याच घोषित भए ।

४ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा विजेताले ५० हजार रुपैयाँसहित ट्रफि र मेडल प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार नगदसहित ट्रफि र मेडल प्राप्त गर्नेछन् । त्यस्तै प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ, उत्कृष्ट ब्याट्सम्यान र बलर लाई पनि जनही पाँच/पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरिने जनाइएको छ ।

# नेतृ शिलवाललाई अग्रज महिला सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ लामो समयदेखि मकवानपुरको राजनीति क्षेत्रमा लागेकी महिलानेतृ तीर्थदेवी शिलवाल सम्मानित भएकी छन् ।

११४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेकपा एकीकृत समाजवादीनिकट अखिल नेपाल महिला संघ जिल्ला तथा नगरकमिटीले आयोजना गरेको अगुवामहिला भेला तथा सम्मान कार्यक्रममा नेतृ शिलवाललाई सम्मानित गरिएको हो ।

सामाजिक क्षेत्र तथा राजनीतिक क्षेत्रमा क्रियाशील नेतृ शिलवाललाई नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले दोसल्ला ओढाएर सम्मान गरिन् । सम्मानित शिलवालले महिला आन्दोलनको दिवस पारेर राजनीतिक तथा सामाजिक क्षेत्रमा गरेको योगदानलाई सम्झदै सम्मान गरेकोमा खुशी व्यक्त गरिन् ।

नेकपा मालेको केन्द्रीय सचिव रहेकी शिलवाल पछिल्लो समय शारीरिक अस्वस्थ्यताका कारण उपचारको क्रममा छिन् । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य लामाले महिला आफैं आर्यआर्जनमा जोडिन जरुरी रहेको बताइन् । अरुको भरमा पर्दा अहिले पनि अघि बढ्न नसकिने बताउँदै अहिले आफैं अघि बढ्नका लागि आर्थिकरुपमा बलियो हुनुपर्ने उनको भनाई थियो । अबको पाटो आर्थिकसमृद्धि नै भएकाले महिलामा लगानी गरी आर्थिकरुपमा बलियो हुन जरुरी रहेको उनले बताइन् ।

अनेम संघ मकवानपुरका अध्यक्ष गायत्री सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा अनेम संघका केन्द्रीय सदस्य सीता अधिकारी, पाटीका राष्ट्रिय परिषद् सदस्य अस्मिता श्रेष्ठ, नेकपा एकीकृत समाजवादीको जिल्ला अध्यक्ष बिष्णु दाहाल, अनेम संघ प्रदेश कमिटी सदस्य कल्पना बिक, पार्टी सचिवालय सदस्य किशोर बर्तौला, अनेम संघ जिल्ला कमिटी उपाध्यक्ष गीता कडारीया मैनाली लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# नेपाल व्यवस्थापन संघको प्रदेश च्याप्टर कार्यालय स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ हेटौंडामा नेपाल व्यवस्थापन संघ बागमती प्रदेश च्याप्टर कार्यालय स्थापना भएको छ । शनिबार एक कार्यक्रमबीच बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले संघको प्रादेशिक कार्यालय उद्घाटन गरेकी हुन् ।




कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री मोक्तानले व्यवस्थापकीय सीपको अभावले शिक्षित मानिसले समेत सोचेअनुरुप कार्य गर्न नसक्ने बताइन् । कार्यान्यवयको पाटो कमजोर हुँदा विज्ञताले पनि केही गर्न नसक्ने उनले विज्ञसँगको सल्लाहमा अगाडि बढे लक्ष्य हासिल गर्न सकिने बताइन् । म्यानको चौथो प्रादेशिक कार्यालयको रुपमा हेटौंडामा कार्यालय स्थापना गरिएको हो । संघको बागमती प्रदेश तदर्थ समिति समेत गठन भएको छ ।

सुदर्शनप्रसाद अधिकारीको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन गरिएको छ । समिति उपाध्यक्षमा विजयकुमार वैद्य, सचिवमा तुलसी रिजाल, कोषाध्यक्षमा नूररानी ढुङ्गेल प्याकुरेल रहेका छन् । समिति सदस्यमा विनोद शाह, प्रद्युम्न उपाध्याय, सांग्रीला श्रेष्ठ, दीपक पराजुली, र रबि अग्रवाल चयन भएका छन् । नवगठित समितिलाई केन्द्रीय अध्यक्ष मोहनराज ओझाले सपथ गराए ।

४३ वर्षअघि गठन भएको यस संघमा विभिन्न क्षेत्रमा व्यवस्थापकीय, प्रशासकीय अनुभव सँगालेका व्यक्ति आबद्ध रहेका छन् । संघले बजेट तथा कार्यक्रम, प्रि-बजेटलगायतका विषयमा विज्ञको भूमिकामा रहेर सरोकारवालालाई सहयोग गर्ने गर्दछ । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, बागमती प्रदेश उद्योग परिसंघका उपाध्यक्ष स्वागतराज प्याकुरेललगायतको आतिथ्यता थियो ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना